नेपाल सरकार

# गृह मन्त्रालय

नेपाल सरकार गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल।

## विज्ञप्ति

मिति २०७९/०२/०४ गते बेलुका ६:३० बजे कैदी सुन्दर हरिजनले कारागार कार्यालय, रोल्पामा झुण्डिएर आत्महत्या गरेको र यस सन्दर्भमा मिति २०७९/०२/१७ गते ekantipur.com मा *रोल्पा कारागारका अधिकारीको कुनै संलग्नता नरहेको* भनी प्रकाशित समाचार प्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ । यस सन्दर्भमा छानविन गरी सत्यतथ्य पत्ता लगाउन कारागार व्यवस्थापन विभागको निर्णयबाट उक्त विभागका निर्देशक श्री झरेन्द्र प्रसाद चापागाईको संयोजकत्वमा ५ सदस्यीय छानविन समिति गठन गरी सो समितिले प्रतिवेदन उक्त विभागमा मिति २०७९/०२/१६ मा पेश गरेको थियो । उक्त प्रतिवेदन हालसम्म पनि यस मन्त्रालयमा प्राप्त भइ नसकेको र प्राप्त भए पश्चात सो को अध्ययन गरी दोषीलाई कारवाही र सुधार उपाय कार्यान्वयन गरिने व्यहोरा अनुरोध छ ।

कैदीवन्दीहरुले आफ्नो पहिचान लुकाउने, गलत पहिचान दिने, पहिचान लुकाई कैदीहरु एक आपसमा साटिई कैदको साटासाट गर्ने, प्रभाव र प्रलोभनमा परी एउटा कैदीको कैदको भुक्तान अर्को कैदीले गरेको देखिन आएको सन्दर्भमा उक्त विषय कारागार व्यवस्थापनको आन्तरिक विषय मात्र नभई कारागार व्यवस्थापनसँग सम्बन्धित समग्र विषयहरु समेतमा जाँचबुझ, छानविन, अध्ययन अनुसन्धान गरी भविष्यमा यस्ता घटना दोहोरिन नदिन तथा कारागार व्यवस्थापन सुधार गर्ने उपाय सहितको प्रतिवेदन काम सुरु भएको मितिले ७ (सात) दिनभित्र पेश गर्न केन्द्रीय स्तरमा छानविन समिति गठन गर्न आवश्यक देखिएकोले नेपाल सरकार, गृह मन्त्रालय (माननीय गृहमन्त्रीस्तर) को मिति २०७९/०२/१७ निर्णयानुसार सहसचिव श्री सुर्य प्रसाद सेढाईको संयोजकत्वमा देहाय बमोजिम पाँच सदस्यीय छानबिन समिति गठन गरिएको व्यहोरा सम्बन्धित सवैको जानकारी लागि अनुरोध छ ।

### देहाय

| | |
|---|---|
| श्री सुर्य प्रसाद सेढाई, सहसचिव, गृह मन्त्रालय | -संयोजक |
| श्री झंकनाथ ढकाल, उपसचिव, कारागार व्यवस्थापन विभाग | -सदस्य |
| श्री भुपेन्द्र खत्री, प्रहरी उपरीक्षक, नेपाल प्रहरी | -सदस्य |
| श्री विष्णुमणि आचार्य, उपअनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग | -सदस्य |
| श्री हरिशचन्द्र शर्मा, प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय, बाँके | -सदस्य |

फणिन्द्रमणि पोखरेल
सहसचिव/प्रवक्ता

मितिः २०७९/०२/१८